**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**फैसला**

**मुद्दाः- आयकर (आ.व. ०६३।०६४)**

**मुद्दा नं. ०७४-RB-०१९३**

**पर्सा जिल्ला, वीरगंज उपमहानगरपालिका वडा नं. १२ स्थित प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट ऐ.का. अख्तियार प्राप्त संचालक आनन्द कुमार अग्रवाल .........१** — **पुनरावेदक**

**विरुद्ध**

**ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर ..........................................१** — **प्रत्यर्थी**

**मुद्दा नं. ०७४-RB-०१९६**

**ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको तर्फबाट ऐ. कार्यालयका प्रमुख कर प्रशासक जगदिश रेग्मी .................................................................१** — **पुनरावेदक**

**विरुद्ध**

**प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट ऐ.का. अख्तियार प्राप्त संचालक आनन्द कुमार अग्रवाल ...........................................................................१** — **प्रत्यर्थी**

**शुरु तहमा निर्णय गर्नेः**

प्रमुख कर प्रशासक श्री नवराज भण्डारी
ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
मितिः २०६५।०४।०२

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्नेः**

महानिर्देशक श्री शान्तबहादुर श्रेष्ठ
आन्तरिक राजस्व विभाग
मितिः- २०६६।०२।१७

**पुनरावेदन तहमा फैसला गर्नेः**

मान्नीय अध्यक्ष श्री दीपककुमार कार्की
लेखा सदस्य श्री हरि पोखरेल
राजस्व सदस्य श्री मणिदेव भट्टराई
राजस्व न्यायाधिकरण, काठमाडौं
मितिः-२०६९।०६।०४

यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०६।०४ को फैसला उपर प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. र ठूला करदाता कार्यालय ललितपुरको तर्फबाट परेको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदनमा यस अदालतबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (घ) बमोजिम अनुमति प्रदान भई पुनरावेदनको रुपमा दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।

**तथ्य खण्ड**

१. **ठूला करदाता कार्यालयमा पेश भएको कर विवरण**

करदाता श्री प्रोबायोटेक प्रा.लि.ले आ.व.२०६३।०६४ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम रु.३८,८१,९१७१- नोक्सानी कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०६४।९।१९ मा स्वयम् कर विवरण पेश गरेको।

२. **ठूला करदाता कार्यालयबाट जारी भएको म्याद सुचना**

त्यस प्रा.लि.ले आ.व.०६३।०६४ को लागि ऐनको दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार यस कार्यालयमा मिति २०६४।९।१९ मा दाखिला गरेको आय विवरण अध्ययन, छानवीन तथा परीक्षण गर्ने सिलसिलामा उपलब्ध भए सम्मका कागजात, फाँटवारी तथा प्रमाणहरु अध्ययन छानवीन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ अनुसार समावेश गर्नुपर्ने आय समावेश नभएको, कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम रु.१९,८६,४११।११ करयोग्य आय कायम गरी संसोधित कर निर्धारण गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए १५ दिनभित्र पेश गर्न ऐनको दफा १०१(६) बमोजिम करदातालाई ठूला करदाता कार्यालयले मिति २०६५।२।२७ मा संसोधित कर निर्धारणको सूचना जारी गरेको।

## ३. करदाता प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि.ले दर्ता गराएको जवाफ

शुरु कार्यालयको मिति २०६५।२।२७ को सूचनाको सम्बन्धमा सो सूचनामा उल्लेख भएका रकमहरु कम्पनीको आय आर्जनसँग सम्बन्धित हुँदा खर्च कट्टी पाउनुपर्छ। ह्रास खर्च रकम ऐनको परिधिभित्रै रहेर दावी गरिएको छ। Deferred खर्च पनि तत्कालीन नियम बमोजिम उत्पादन शुरु भएको ५ वर्षमा बराबर भागले हुने रकमलाई खर्च देखाउने प्रावधान अनुसार सो रकम खर्च देखाउदै आएका छौं भनी करदाताले ठूला करदाता कार्यालयमा मिति २०६५।३।६ मा जवाफ दर्ता गराएको।

## ४. ठूला करदाता कार्यालयबाट जारी भएको संसोधित कर निर्धारणको आदेश

करदाता प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि.लाई आ.व.२०६३।०६४ को लागि करयोग्य आय रु.१९,८६,४११।११ कायम हुने गरी ठूला करदाता कार्यालयबाट मिति २०६५।४।२ मा कर निर्धारण गर्न निर्णय पर्चा खडा भएको र सो निर्णय बमोजिम करदाताका नाममा मिति २०६५।४।२० मा ऐनको दफा १०२ बमोजिम संसोधित कर निर्धारण आदेश जारी भएको।

## ५. आन्तरिक राजस्व विभागबाट भएको निर्णय

ठूला करदाता कार्यालयबाट मिति २०६५।४।२ मा भएको कर निर्धारण निर्णयउपर चित्त नबुझी करदाताले आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकिय पुनरावलोकनको लागि निवेदन दिएकोमा करदाताको निवेदन, सम्बन्धित कार्यालयको प्रतिकृया तथा सक्कल फाइल संलग्न कागजातहरु अध्ययन तथा विश्लेषण गर्दा करदाताले निवेदनमा चित्त नबुझाएको विषयहरु मध्ये ह्रास कट्टीका सम्बन्धमा आ.व.२०६२।०६३ मा थप भएका समूह ख तथा घ मा पर्ने सम्पत्तिहरुको रकम उक्त आ.व.मा Unobsorbed महलमा रहेको तर कार्यालयले ती सम्पत्तिहरुको रकम सम्बन्धित सम्पत्तिको ह्रास आधारमा समावेश नगरिदिएको कारणबाट खर्च कट्टी दावी गरेको ह्रास रकम फरक परेको भनी खर्च कट्टी नदिएको व्यहोरा उल्लेख गरेकोले सो सम्बन्धमा पुनः छानविन गरी निर्णय गर्ने र अन्य बुँदाको हकमा कार्यालयको निर्णय आयकर ऐन, २०५८ को दफा ७, १३ तथा १५ समेतका प्रावधान बमोजिम मिलेकै देखिंदा सो उपर करदाताको जिकिर पुग्न नसक्ने भनी आन्तरिक राजस्व विभागबाट मिति २०६६।२।१७ मा निर्णय भएको।

६. **<u>करदाता प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. को राजश्व न्यायाधिकरणमा परेको पुनरावेदन पत्र</u>**

शुरु कार्यालयबाट पुनरावेदकको आय आर्जनसँग सम्बन्धित देहाय बमोजिमका खर्चलाई गलत कानूनी आधार र तर्कको आधारमा अमान्य गरी मिति २०६५।४।२ मा जारी गर्नु भएको शंसोधित कर आदेश र सोलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको मिति २०६६।२।१७ को निर्णय बदर गरी पाउँ भनी करदाताको तर्फबाट राजस्व न्यायाधिकरणसमक्ष मिति २०६६।४।५ मा पुनरावेदनपत्र दर्ता भएको।

- कच्चा पदार्थको Storage Losses रु.३२,५०,१४२।५८
- कम विक्री देखाएको रकम रु.७,०९,३३९।१८
- Cattle feed मा कम मूल्य देखाएको रु.५,३८,१८४।२५
- Travelling खर्च रु.७,८८,४०५।४४
- ह्रास खर्च रु. ५,८२,२५६।६६

७. **<u>राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको प्रत्यर्थी झिकाउने आदेश</u>**

यसमा लागत मूल्यभन्दा घटीमा विक्री गरेको भनी आयमा समावेश गर्ने गरेको शुरु कार्यालयको निर्णय फरक पर्नसक्ने भएकोले छलफलका लागि उपस्थित हुन अ.वं.२०२ नं. बमोजिम सरकारी वकिल र आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भनी राजस्व न्यायाधिकरणबाट मिति २०६६।११।१९ मा आदेश भएको।

८. **<u>राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला</u>**

ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६४।४।२ को संशोधित कर निर्धारण र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।२।१७ को निर्णयमा ह्रास खर्च सम्बन्धमा विभागले पुनः छानवीन गरी निर्णय गर्नु भनी निर्णय गरिसकेको देखिँदा त्यसतर्फ केही बोलिरहनु परेन। Storage Loss, Premix विक्रीमा कम मूल्य देखाएको र Cattle feed मा कम मूल्य देखाएको भनी आयमा समावेश गर्ने गरेको निर्णय मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ठहर्छ। भ्रमण खर्च सम्बन्धमा शुरु कार्यालयको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। सो सम्बन्धमा पुनरावेदन जिकिर पुग्न सक्दैन भनी राजस्व न्यायाधिकरणबाट मिति २०६९।०६।०४ मा फैसला भएको।

## ९. प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. को पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन

पुनरावेदक उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक कच्चा पदार्थ विश्वको विभिन्न मुलुकवाट आयात गर्ने गरेको र उत्पादनमा नयाँ नयाँ प्रविधि सम्बन्धि जानकारी लिन पनि विभिन्न देशको भ्रमण गर्नुपर्ने हुन्छ। दावी गरिएको खर्च यस कम्पनीका निर्देशकज्यूले कार्यकारी निर्देशकज्यूको पूर्व स्वीकृत लिएर आफ्नो उत्पादनको विक्री प्रवर्द्धन गर्नको लागि भारत भ्रमणमा जानु भएको हो र सो खर्च बिवरणलाई कम्पनीद्वारा आधिकारिक रुपमा प्रमाणित गरी सकिएको छ। तर शुरु कार्यालयले उक्त खर्चसँग सम्बन्धित विल भरपाईहरुको मूल्याङ्कन नै नगरी खर्चको औचित्य पुष्टि नभएको भनी भ्रमण खर्च अन्तर्गतको रु. ७,८८,४०५।- लाई खर्च कट्टी नदिई आयमा समावेश गरेको निर्णयलाई मिलेकै देखिन आयो भनी राजस्व न्यायाधिकरणबाट भएको फैसला राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (ख) विपरित रहेको व्यहोरा निवेदन गर्दछौं। अतः मिति २०६५/४/२ मा जारी गर्नु भएको संशोधित कर निर्धारण पर्चा तथा २०६५/४।२० को संसोधित कर निर्धारण आदेश तथा सोलाई सदर गर्ने गरी मिति २०६६/२/१७ मा भएको विभागको निर्णय एवं सोलाई सदर गर्ने हदसम्मको सम्मानीत राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।६।४ को फैसला बदर गरी निवेदक कम्पनीले पेश गरेको Travelling Expenses वापत रु.७,८८,४०५।- लाई मान्यता प्रदान गर्ने गरी फैसला गरी पाउँ भन्नेसमेत बेहोराको प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. को यस अदालतमा पेश हुन आएको निवेदन पत्र।

## १०. ठूला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन

मकै लगायतको Storage Loss का सम्बन्धमा करदाताले पेश गरेको यस आ.व.को कच्चा पदार्थको विवरणमा शुरू मौज्दात खपत वा अन्तिम मौज्दातमा समावेस हुनुपर्नेमा उत्पादनमा समेत समावेस नगरेको परिणामको मूल्यसमेत लागतमा भने समावेस गरेको अवस्थामा करदाताले लिएको जिकिर Damage नै भएको हो भनी शंकारहित तवरले पुष्टि हुने पुख्ता प्रमाण र आधार प्रस्तुत हुन सकेको अवस्था छैन्। अतः राजस्व मिनाहा जस्तो विषयमा कोरा जिकिर मात्रलाई प्रमाण मान्न मिल्ने अवस्था रहदैन। कदाचित करदाताको नोक्सानी भएको अवस्थामा त्यस्तो नोक्सानीका हकमा पनि मु.अ.करमा दर्तावाल करदाताले उक्त नोक्सानी दावी गर्ने बकाइदा प्रकृया रहेको छ। प्रस्तुत करदाताले मुल्य अभिवृद्धि

कर नियमावली, २०५३ को नियम २९क अनुसारको कानूनी प्रकृया पुरा नगरेको र कुनै कारणवस उक्त प्रकृया अवलम्बन हुन नसकेको भए सो तर्फ पनि कुनै प्रमाण पेश भएको अवस्था रहेको नदेखिँदा र यस प्रकृयालाई आन्तरिक राजस्व विभागबाट समेत परिपत्र गरी प्रकृयालाई थप स्पष्ट गरेको अवस्था तर्फसमेत कुनै विश्लेषण नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसलामा कानूनको गम्भिर त्रुटि रहेको छ। त्यस्तै, Premix लाई स्थानीय बिक्री गर्दा औषत लागत मूल्यभन्दा कममा विक्री गरिएको छ। करदाताले पेश गरेको विवरण अनुसार उद्योगको Premix उत्पादन लागत मूल्य रू.२१९।८१ रहेको र उक्त उत्पादनको बिकी विवरण अनुसार स्थानीय बिक्री गरेको Premix १९३०७ के.जि.को मूल्य रू.३५,३४,५९५।४६ भई प्रति के.जि. १८३।०७ मा बिक्री गरेको देखिएको छ। जवकी करदाताको वित्तिय विवरणको अनुसुची १७ मा Inventories are valued at the lower of the cost or the market price and at FIFO method उल्लेख देखिन्छ। अतः करदाताले मूल्याङकन गरेको Premix प्रति के.जि. रू.२१९।८१ नै देखिए अनुसार करदाताले लागत मूल्यभन्दा कम मूल्यमा बिक्री गरेको देखिएकाले थप रू.७,०९,३३९।१८ आयमा समावेश हुनुपर्ने हो। कर परिक्षणको क्रममा लागतभन्दा कम मूल्यमा विक्री गरेको सम्बन्धमा उचित कारण वा आधार तथा प्रमाणसमेत पेश गर्न नसकेको अवस्थामा आयकर ऐनले गरेको व्यवस्था तर्फसमेत कुनै बस्तुगत विश्लेषण नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसला राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) बमोजिम त्रुटिपुर्ण भएकोले साविककै कर निर्धारण आदेश वमोजिम गरी पाउँ भन्ने बेहोराको ठूला करदाता कार्यालय, हरिहरभवनको तर्फबाट यस अदालतमा पर्न आएको निवेदन पत्र।

११. <u>**यस अदालतबाट भएको आदेश**</u>

यसमा यिनै पक्ष विपक्ष बीचको मुद्दा नं. ०६९-LE-०२८५ को आ.व. २०६२/६३ को आयकर निर्धारण सम्बन्धी विवादमा राजस्व न्यायाधिकरणको फैसला उपर यस अदालतमा पुनरावेदन गर्न अनुमति प्रदान गरिएको सन्दर्भमा प्रस्तुत लगाउमा रहेको विवादमा समेत राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ (घ) बमोजिम यस अदालतमा पुनरावेदन गर्ने अनुमति प्रदान गरिएको छ। नियमानुसार गर्नू भन्ने यस अदालतको मिति २०७४।०७।२४ को आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम दैनिक पेसीसूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट उपस्थित विद्धान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र अधिवक्ताहरु श्री बालकृष्ण ढकाल र श्री धिरज घिमिरेले हाम्रो पक्ष प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को स्वीकृतिमा कम्पनीका निर्देशकज्यू कम्पनीद्वारा उत्पादित सामानको विक्री प्रवर्द्धनको लागि भारत भ्रमणमा जानु भएको र सो भ्रमणको क्रममा भएको खर्चको विल भरपाईहरु पेश भएको अवस्था छ। तर सो भ्रमण खर्चलाई खर्च स्वरुप कट्टी गर्न नमिल्ने भनी राजस्व न्यायाधिकरणबाट भएको निर्णय त्रुटिपूर्ण छ। उक्त खर्चको औचित्य नदेखिएको भनी आयबाट घटाउन नदिएको निर्णय सो हदसम्म उल्टी गरी निवेदक कम्पनीले पेश गरेको Travelling Expenses वापत रु.७,८८,४०५।- लाई खर्चको मान्यता प्रदान गर्ने गरी फैसला गरी न्याय इन्साफ गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. ठूला करदाता कार्यालय, हरिहरभवनको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले भ्रमण खर्चको सम्बन्धमा कम्पनीले भ्रमण आदेश जस्ता कुनै कागज पेश गरेको अवस्था नभएकोले सो खर्चलाई मान्यता नदिएको न्यायाधिकरणको फैसला सो हदसम्म मिलेकै छ। मकै लगायतको Storage Loss (जर्ती) का खर्च शिर्षकलाई आयकर ऐन तथा नियमावलीले चिन्दैन। यस्ता शिर्षकमा कर छुट दिने कानूनी प्रावधान नभएकोले करदाताले खर्च दावी गर्न मिल्दैन। कर छुट पाउनुपर्ने माग गरेर मात्र हुदैन। सो कुरा कानूनसम्मत पनि हुनुपर्छ। यसकारण मौज्दात कम देखाई पेश भएको आय विवरणलाई मान्यता दिने गरी मकै लगायतको Storage Loss लाई खर्च शिर्षकको रुपमा आयबाट घटाउन पाउने भनी राजस्व न्यायाधिकरणबाट भएको निर्णय नमिलेको हुँदा यस्तो प्रकारको जर्तीलाई मान्यता नदिने गरी यस अदालतबाट फैसला गरिपाउँ। साथै करदाताले Premix लागत मूल्यभन्दा कम मूल्यमा बिक्री गरेको देखिएको र सो को उचित कारण वा आधार पेश गर्न नसकेको अवस्थामा पनि सो कुरालाई मान्यता दिने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला नमिलेकोले उल्टी गरी साविककै कर निर्धारण आदेश वमोजिम गरी पाउँ भनी बहस गर्नु भयो।

१४. उपर्युक्त तथ्य र बहस जिकिर भएको प्रस्तुत मुद्दामा राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०६।०४ को फैसला मिलेको छ वा छैन ? पुनरावेदक प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. र ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

१५. निर्णयतर्फ विचार गर्दा, मकै लगायतको Storage Loss, Premix बिक्रीमा कम मूल्य देखाएको र Cattle Feed मा कम मूल्य देखाएको भनी आयमा समावेश नगर्ने गरेको निर्णय मिलेको नदेखिँदा आन्तरिक राजस्व विभागको मिति २०६६।०२।१७ को निर्णय सो हदसम्म उल्टी हुने र भ्रमण खर्च सम्बन्धमा शुरु कार्यालयले गरेको निर्णय सदर हुने ठहर्‍याई राजस्व न्यायाधिकरणबाट मिति २०६९।०६।०४ मा फैसला भएको पाइन्छ। उक्त फैसलाउपर चित्त नबुझी करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. र ठुला करदाता कार्यालय दुवै पक्षको तर्फबाट पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन परी यस अदालतबाट मिति २०७४।०७।२४ मा अनुमति प्रदान भई पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा निर्णयार्थ यस इजलाससमक्ष पेश भएको रहेछ।

१६. करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को पुनरावेदन पत्रमा मुलरुपमा कम्पनीको स्वीकृतिमा निर्देशकज्यू उत्पादित सामानको विक्री प्रवर्द्धनको लागि भारत भ्रमणमा जानु भएको र सो भ्रमणको क्रममा भएको Travelling Expenses वापत रु.७,८८,४०५।- को विल भरपाईहरु पेश भएको अवस्थामा सो भ्रमण खर्चलाई खर्च स्वरुप कट्टी गर्न नमिल्ने भनी राजस्व न्यायाधिकरणबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा उल्टी गरिपाऊँ भन्ने जिकिर लिएको देखिन्छ।

१७. त्यस्तै, ठुला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदनपत्र हेर्दा, मकै लगायतको मौज्दात घटाई Storage Loss भनी करदाताले खर्चको जिकिर लिएको भएपनि शंका रहित तवरले सो Damage नै हो भन्ने पुष्टि हुने आधार प्रमाण प्रस्तुत गर्न नसकेको र मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९क अनुसारको कानूनी प्रकृया पनि पुरा नगरेको अवस्था छ। त्यस्तै, करदाताले उचित कारण वा आधार विना नै Premix लागत मूल्यभन्दा कम मूल्यमा बिक्री गरेको देखिएको अवस्थामा सो कुरालाई मान्यता दिने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला सो हदसम्म उल्टी गरिपाउँ भन्ने जिकिर रहेको देखिन्छ।

१८. सर्वप्रथम पुनरावेदक प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. ले Travelling Expenses शिर्षकको रु.७,८८,४०५।— को सम्वन्धमा लिएको पुनरावेदन जिकिरलाई हेर्दा, करदाताले सो रकम कम्पनीको विक्री प्रवर्धनसँग सम्बन्धित भई भारत भ्रमणको क्रममा भएको हो भनी दावी लिएको पाइन्छ। राजस्व न्यायाधिकरणले सो भ्रमणको औचित्य पुष्टि गर्न नसकेको भनी खर्च कट्टी पाउने अवस्था नहुने भनी निर्णय गरेको देखिन्छ। करदाता कम्पनीले आफूले गरेको खर्चको हिसावलाई विश्वासनिय तरिकाले लेखा राखी कर परिक्षणको क्रममा त्यस्ता खर्च शिर्षक पुष्टि गर्ने र सो को औचित्य समेत प्रमाणित हुने किसिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्दछ। आफुले लिएको जिकिर पुष्टि गर्ने दायित्व करदाताकै हुन्छ। कम्पनीको आय आर्जनसँग प्रत्यक्ष सम्बन्धित खर्च शिर्षक र रकमहरु मात्र आयकर प्रयोजनको लागि ऐनले खर्च कट्टी गर्न पाउने खर्चको रुपमा मान्यता प्राप्त गर्दछन्। कम्पनीको आयसँग सम्बन्धित नरहेका खर्चहरु घरेलु तथा व्यक्तिगत प्रकृतिका हुन्छन्। त्यस्ता खर्चले कम्पनीको आय वृद्धिमा सहयोग नपुग्ने र सो खर्चको औचित्यता पुष्टि नहुने हुँदा त्यस्ता खर्च कम्पनीको आयव्यय विवरणमा मिसाउन नपाइने भनी कानूनी व्यवस्था गरिएको हो। अतः Travelling Expenses खर्च शिर्षकमा आफ्नो जिकिर ठोसरुपमा पुष्टि हुने कुनै प्रमाण पेश गरेको नदेखिंदा करदाताको जिकिरसँग सहमत हुन सकिएन। शुरु कार्यालयको निर्णय सदर हुने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको देखिन्छ।

१९. अब, पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर बमोजिम कच्चा पदार्थ मकै लगायतमा Storage Loss वा जर्ती वापतको रकम खर्च कट्टी दिएको राजस्व न्यायाधिकरणको फैसला मिले नमिलेतर्फ विचार गर्नुपर्ने हुन आयो। सर्वप्रथम जर्ती के हो भन्ने सम्बन्धमा नेपाली बृहत शब्दकोष (नेपाल प्रज्ञा प्रतिष्ठान), २०४० ले जर्तीलाई "**अन्नपातहरू सुकेर, उडेर, छरिएर नष्ट भएको अंश; खेर जाने भाग; जर्ता**" भनी परिभाषित गरेको छ। त्यस्तै, पुनरावेदक मित्तल टि. इण्डस्ट्रिज प्रा.ली.को तर्फबाट ऐ. का अधिकारप्राप्त सञ्चालक महेशकुमार अग्रवाल, प्रत्यर्थी आन्तरिक राजश्व विभाग, काठमाडौं भएको (ने.का.प. २०६६, अङ्क ६, निर्णय नं. ८१७३) मूल्य अभिवृद्धि कर मुद्दामा "**कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको शतप्रतिशत नै उत्पादित वस्तुमा समाहित हुने वा मिसिएर आउने भन्ने कुराको पनि तर्कसँगत अनुमान गर्न सकिदैन। उत्पादनको प्रक्रियामा कच्चा पदार्थको केही अंश नष्ट हुने, प्रयोगमा नआउने वा कम हुने**

**वा जर्तीमा जाने भन्ने कुरा सबै प्रकारका वस्तुको उत्पादनको सम्बन्धमा लागु हुने कुरा हो"** भनी यसै अदालतबाट व्याख्या भएको छ। खासगरी कृषि उत्पादनको भण्डारणको क्रममा सुकेर, उडेर अरु कुनै तरिकाबाट नष्ट हुन पुगेको अंश नै जर्ती भएको र यस जर्ती शब्दले उत्पादनको प्रकृयामा कच्चा पदार्थको केही अंश स्वभाविक रुपले कम हुने कुरालाई पनि जनाउने गर्दछ।

२०. जर्तीको सम्बन्धमा ऐन तथा नियमावलीमा कुनै व्यवस्था रहेको पाइदैन। तर सो सम्बन्धमा यस प्रकारको स्वभाविक रुपमा आउने सुख्ती वा जर्तीलाई सम्बोधन गर्न मिति २०६२।६।२० मा *वास्तविक जर्तीलाई मिन्हा दिने* भनी मन्त्रिस्तरीय निर्णय गरी आन्तरिक राजस्व विभागले मिति २०६२।८।६ मा परिपत्र गरेको देखियो। ठूला करदाता कार्यालयले संशोधित कर निर्धारणको क्रममा र यस अदालतसमक्ष पुनरावेदन गर्ने क्रममा समेत विभागको उक्त मिति २०६२।६।२० को परिपत्रका सम्बन्धमा कुनै खण्डन पेश गर्न सकेको पाइदैन। साथै सो परिपत्रको सम्बन्धमा इजलाससमक्ष बहसको क्रममा सरकारी वकिलको तर्फबाट पनि असहमति रहेको पाइएन। अतः जर्ती सम्बन्धमा वास्तविक जर्तीलाई मिन्हा दिने भनी स्पष्ट परिपत्र गरिरहेको अवस्थामा केहि समयको अन्तरालमा सुकेर, नासिएर वा अरु कुनै किसिमले मकै लगायतको कच्चा पदार्थहरुको मौज्दातमा स्वभाविक रुपले कमी आएको अवस्थामा सो वापतको मूल्यमा कर लगाई यी करदाताबाट भराउन मिलेन। तसर्थ करदाताले लिएको जिकिरबमोजिम मकै लगायतको कच्चा पदार्थको मौज्दातमा स्वभाविक कमी भई Storage Loss अर्थात जर्तीको रुपमा करदाताले दावी गरेको न्यायोचित रकमलाई मान्यता दिने गरी भएको राजस्व न्यायाधिकरणको निर्णय न्यायको रोहमा अन्यथा देखिन आएन।

२१. Premix लाई स्थानिय बजारमा विक्री गर्दा औषत लागत मूल्यभन्दा कममा विक्री गरेकोले रु.७,०९,३३९।१८ लाई खर्च कट्टी नदिनुपर्ने हो भन्ने पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर छ र सोही बमोजिम इजलाससमक्ष सरकारी वकिल तर्फबाट पनि बहस जिकिर रहेको छ। सो सम्बन्धमा करदाता कम्पनीले सो वस्तु आफूले लागतभन्दा ०।९६ प्रति के.जी. बढीमा बेचेको Inflow-Outflow Chart बाट देखिएको हुँदा खर्च कट्टी पाउनु पर्छ भनी जिकिर लिएको पाइन्छ। उक्त विक्रीलाई पुष्टि हुने बिल विजकहरु लगायतका प्रमाणसमेत पेश भएको देखिन्छ।

२२. कतिपय अवस्थामा वस्तुको लागत मूल्यभन्दा कम मूल्यमा समेत बस्तुहरु बिक्री गर्नुपर्ने अवस्था आउन सक्छ। यसरी लागत भन्दा कम मूल्यमा विक्री गर्न नपाइने भनी निषेध वा बन्देज लगाउने गरी आयकर ऐन, नियमावलीमा व्यवस्था भएको पनि छैन। यसको अर्थ कर छल्ने नियतले नक्कली बिल बिजक बनाउने लगायतका प्रमाण सृजना गरी कम मूल्यमा कृतिम बिक्री देखाउन पाउने भने होइन। सो बाहेक आयकर ऐनको दफा १५ को परिधिभित्र प्रस्तुत विषय हेर्नुपरेन। तसर्थ Premix लाई स्थानिय बजारमा विक्री गर्दा औषत लागत मूल्यभन्दा कममा विक्री गरेकोले खर्च कट्टी गर्न नपाउने भन्ने ठुला करदाता कार्यालय, हरिहरभवनको जिकिर पुग्न नसक्ने गरी भएको राजस्व न्यायाधिकरणको निर्णय न्यायको रोहमा अन्यथा देखिन आएन।

२३. अतः माथि विवेचित आधार र कारणहरु समेतबाट ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६५।०२।२७ को संशोधित कर निर्धारण गर्ने र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६५।०४।०२ को निर्णयमा मकै लगायतको Storage Loss, Premix बिक्रीमा कम मूल्य देखाएको भनी आयमा समावेश नगर्ने गरेको निर्णय मिलेको नदेखिँदा आन्तरिक राजस्व विभागको मिति २०६६।०२।१७ को निर्णय सो हदसम्म उल्टी हुने र भ्रमण खर्च सम्बन्धमा शुरु कार्यालयले गरेको निर्णय सदर हुने भनी ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०६।०४ को निर्णय न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाता प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. र ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्टि गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- कल्याण खड्का

कम्प्युटर टाईप गर्ने : देबिमाया खतिवडा

इति सम्वत् २०७९ साल बैशाख १२ गते रोज २ शुभम् ..........................।